# अर्जुनधारा नगरपालिका
## नगर कार्यपालिकाको बैठक

**बैठक संख्याः** १९/०७९/०८० **मितिः**२०७९/१२/२४

**अध्यक्षताः** कार्यवाहक नगर प्रमुख श्री खड्गमाया पराजुली

**उपस्थितिः**

| | | |
|---|---|---|
| कार्यवाहक नगर प्रमुख | श्री खड्गमाया पराजुली | उपस्थित |
| वडा अध्यक्ष,वडा नं १ | श्री उपेन्द्र बस्नेत | उपस्थित |
| वडा अध्यक्ष,वडा नं २ | श्री नरेन्द्र कुमार श्रेष्ठ | उपस्थित |
| वडा अध्यक्ष,वडा नं ३ | श्री सिता राम भट्टराई | उपस्थित |
| वडा अध्यक्ष,वडा नं ४ | श्री अम्बर बहादुर कटुवाल | उपस्थित |
| वडा अध्यक्ष,वडा नं ५ | श्री गिताराज खड्का | उपस्थित |
| वडा अध्यक्ष,वडा नं ६ | श्री हरिश्चन्द्र बास्तोला | उपस्थित |
| वडा अध्यक्ष,वडा नं ७ | श्री गोविन्द प्रसाद खतिवडा | उपस्थित |
| वडा अध्यक्ष,वडा नं ८ | श्री कुमार प्रसाद उप्रेती | उपस्थित |
| वडा अध्यक्ष,वडा नं ९ | श्री भिष्म मिश्र | उपस्थित |
| वडा अध्यक्ष,वडा नं १० | श्री भूपेन्द्र नेउपाने | उपस्थित |
| वडा अध्यक्ष,वडा नं ११ | श्री खगेन्द्र इङ्गनाम | अनुपस्थित |
| कार्यपालिका सदस्य | श्री कौशिलाल परियार | उपस्थित |
| कार्यपालिका सदस्य | श्री गौरीमाया चिमरीया | अनुपस्थित |
| कार्यपालिका सदस्य | श्री चन्द्र कुमारी तामाङ्ग | उपस्थित |
| कार्यपालिका सदस्य | श्री चन्द्रमाया तामाङ्ग | उपस्थित |
| कार्यपालिका सदस्य | श्री नरेन्द्रबहादुर राई | उपस्थित |
| कार्यपालिका सदस्य | श्री मुना खत्री | अनुपस्थित |
| कार्यपालिका सदस्य | श्री विमला रोक्का | उपस्थित |
| कार्यपालिका सदस्य | श्री सन्तोष मेचे | उपस्थित |
| सचिव, प्रमुख प्रशासकीय अधिकृत | श्री गीताकुमारी राई | उपस्थित |

मिति २०७९ साल चैत्र २४ गते बसेको नगर कार्यपालिकाको बैंठकबाट निम्न बमोजिम निर्णयहरु सर्वसम्मत रुपमा गरियो ।

१. <u>बिरिङ्ग नदीको नदीजन्य पदार्थ उत्खनन बन्द सम्बन्धमा ।</u>

अर्जुनधारा नगरपालिकाले चालु आर्थिक वर्ष २०७९/०८० मा नगरपालिका भित्रका बिरिङ्ग टाङटिङ नेते लगायतका नदीहरुबाट नदीजन्य पदार्थ उत्खननका लागि स्वीकृत आइइइ प्रतिवेदन बमोजिम बिरिङ्ग नदीबाट मात्र जम्मा ६०,५२५ घ.मि. ढुङ्गा गिटी बालुवा उत्खनन गर्ने गरी ठेक्का बन्दोवस्ती गरी एनआरएनएन कंक्रिट उद्योग प्रा.लि. लाई ठेक्का दिइएकोमा कार्यालयबाट स्थलगत निरीक्षण गरी नाँपजाँच गर्दा उक्त परिमाण उत्खनन भई सकेको देखिएकाले अब उप्रान्त बिरिङ्ग नदीबाट थप नदीजन्य पदार्थ उत्खनन नगर्न ठेकेदार पक्षलाई पत्राचार गर्ने निर्णय गरियो ।

साथै, उक्त ठेक्का सम्झौता बमोजिम एन.आर.एन.एन. कंक्रिट उद्योग प्रा.लि.ले नगरपालिकालाई दोश्रो किस्ता बापत २०७९ माघ मसान्तभित्र बुझाउनुपर्ने ठेक्का रकम बुझाउनका लागि मिति २०७९/११/१४ गतेको नगर कार्यपालिकाको निर्णयानुसार २०७९ फागुन मसान्तसम्म म्याद थप गरिएको र उक्त अवधिमा समेत उक्त रकम प्राप्त नभई पटक पटक ताकेता गर्दा समेत हालसम्म पनि नबुझाएकाले ठेकेदारको बैंक जमानतबाट सम्झौता बमोजिमको रकम असुल उपर गर्न सम्बन्धित बैंकलाई पत्राचार गर्ने निर्णय गरियो ।

२. <u>तटबन्धनका लागि हेभी मेसिनरी प्रयोग गर्ने सम्बन्धमा ।</u>

यस अर्जुनधारा नगरपालिकाको चालु आर्थिक वर्षको स्वीकृत कार्यक्रम बमोजिम वडा नं १,२,३,४ र ५ का बिरिङ्ग, टाङटिङ्ग लगायतका नदीहरुमा तटबन्धन कार्यका लागि बजेट विनियोजन भएको उक्त आयोजना सञ्चालन गर्दा श्रमिकको रुपमा प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत सुचिकृत बेरोजगारहरुलाई प्रयोग गर्ने साविक निर्णय भएकोमा उक्त आयोजना सञ्चालन गर्दा तटबन्धन हुने नदी किनारका बालुवा सोरेर बाँध निर्माण गर्नुपर्ने भएको र सो कार्यका लागि हेभी मेसिनरी प्रयोग गर्नुपर्ने भएकाले उक्त क्षेत्रमा हेभी मेसिनरी उपयोग गर्न अनुमतिका लागि जिल्ला विपद् व्यस्थापान समितिलाई अनुमतिका लागि सिफारिस सहित अनुरोध गर्ने निर्णय गरियो ।